**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या: ३८ प्रमाणिकरण मिति: २०८०/१२/२०

**भाग-२**

**रामारोशन गाउँपालिका**

# सामुदायिक स्वास्थ्य इकाइ स्थापना, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०८०

CS CamScanner

# सामुदायिक स्वास्थ्य इकाइ स्थापना,संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८०

**प्रस्तावनाः** नेपालको संविधानमा मौलिक हकको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकहरुको सहज पहुँच पुग्नेगरी प्रभावकारीता रुपले निशुल्क रुपमा उपलब्ध गराउन बिपन्न जोखिममा र सिमन्तकृत पहुच सेवामा स्वास्थ्य आधारभूत समुदायहरुको रहेका गर्न सुनिश्चित समता मूलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य सेवामा कार्यक्रम लागु गर्न ग्रामिण क्षेत्रमा स्वास्थ्य सेवा पुरयाउने कार्यलाई थप शसक्त बनाउदै लैजान भौगोलिक क्षेत्र र जनसंख्याको आधारमा नागरिकहरुलाई छोटो दुरीमा स्वास्थ्य सेवा उपलब्ध गराउने उदेश्यले सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा सञ्चालनको उचित व्यवस्थापन गरी सेवाको सेवाको गुणस्तर वृद्धि गर्न रामारोशन गाँउपालिकाले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद १

**१ प्रारम्भःनाम संक्षिप्त.**

क. यस निर्देशिकाको नामः सामुदायिक स्वास्थ्य इकाई संञ्चालन निर्देशिका २०८० रहेको छ।

(ख)यो निर्देशिका गाउँसभाबाट प्रमाणित स्वीकृत भएको दिन देखी लागु हुनेछ।

**२ परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा

२.१ सामुदायिक स्वास्थ्य इकाई भन्नाले रामारोशन गाँउपालिकाको स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका यस पालिका भित्रमा स्थायी र अस्थायी रुपमा बसोबास गर्ने महिला,बालबालिका,गरिब तथा सिमान्कृत बर्ग तथा समुदायको

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
२०७३

प्रभु नाथ ... 
नि.प्रमुख प्रशासकीय अधिकृत

गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुच पुर्याई आम नागरिक को स्वास्थ्यमा सुधार ल्याउनको लागी ल्याईएको बिशेष स्वास्थ्य कार्यक्रम भनि बुझ्नु पर्दछ ।

२.२ लक्षित बर्गः रामारोशन गाँउपालिका भित्रको दुर्गम क्षेत्रमा बसोबास गर्ने महिला बालबालिका गरिब तथा सिमान्कृत बर्ग तथा समुदायहरु।

२.३ गाँउपालिका भन्नाले रामारोशन गाँउपालिका सम्झनु पर्छ ।

**३ सामुदायिक स्वास्थ्य इकाई रहने स्थानः**

३.१ रामारोशन गाँउपालिकामा रहेका दुर्गुम क्षेत्रमा बसोबास गर्ने महिला बालबालिका गरिब तथा सिमान्कृत बर्ग तथा समुदायहरुको आवश्यकता र औचित्यको आधारमा सम्बन्धित वडा कार्यालयको आवश्यकता र औचित्य खुल्ने माग पत्र पेश भएमा स्वास्थ्य शाखाको सिफारिसको आधारमा रामारोशन गाउँकार्यापालिकाको निर्णय बमोजिम स्थान तोकिनेछ। साथै आवश्यकताको आधारमा अन्य स्थानमा समेत सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्दै लगिने निती लिइएको छ।

३.२.माथि जुनसुकै कुरा लेखिएको भएतापनि यो निर्देशिका जारी हुनु पुर्व संचालनमा रहेका सामुदायिक स्वास्थ्य इकाइलाई समेत यस निर्देशिकाले समेटि निरन्तरता दिईनेछ।

**४.कर्मचारी सम्बन्धि व्यवस्था ,दरबन्दी र सेवा सुविधा।**

४.१ सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गर्न देहाय बमोजिमको जनशक्तीको ब्यावस्था गर्नुपर्ने छ।

| क सं | पद | तह | संख्या | पदपुर्ति हुने पद |
|---|---|---|---|---|
| १ | अ.हे.व. | सहायक चौथो | १ | अ.हे.व. |
| २ | अ.न.मी. | सहायक चौथो | १ | अ.न.मी. |
| ३ | का.स. | श्रेणिविहिन | १ | का.स. |

रामारोशन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सामाजिक विकास शाखा अछाम २०७३

प्रभु नाथ ... प्रमुख प्रशासकीय अधिकृत

- ईन्चार्ज हे.ई.समुहबाट तहगत जेष्टताका आधारमा स्वास्थ्य शाखाले तोकने छ।

४.२ उपरोत्त बमोजिमको जनशक्तीको व्यवस्थापन रामारोशन गाँउपालिका गाँउ कार्यपालिकाबाट बिनियोजित रकम बाट तलब भत्ता दिने गरी सेवा करारमा लिने ब्यावस्था मिलाइने छ।नियुक्ती हुने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको सेवा सुबिधा रामारोशन गाउँपालिका बाट ब्यवस्थापन गरिने छ।साथै सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीहरको पारिश्रमिक दुईपक्षिय सम्झौता बमोजिम हुने छ

४.३ सामुदायिक स्वास्थ्य ईकाईमा निरन्तर ५ बर्ष सेवा अवधी पुगेका कर्मचारीहरुको हकमा कर्मचारीको कार्य सम्पादन मुल्यांकनको आधारमा कर्मचारीलाई निरन्तरता दिनुपर्ने छ।

४.४ नेपाल सरकारको निति अनुरुप कर्मचीहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेस गरिनेछ।

४.५ माथि जुनसुकै कुरा लेखिएको भएतापनि कार्य सम्पादन मुल्याङकन सन्तोषजनक नभएमा स्वास्थ्य शाखाको सिफारिसमा गाउँकार्यपालिकाले सम्झोता रद्ध गर्न सक्नेछ।

४.६ संस्थामा कार्यरत कर्मचारीहरुको बिदा स्वास्थ्य तथा सामाजिक विकास शाखाले स्वीकृत गर्नुपर्ने छ।

**५ ब्यावस्थापन तथा सञ्चालनः स्वास्थ्थ सामुदायिक इकाई समितीः** स्थानिय समुदायको माग अनुसार प्राथामिकता हेरी स्थानिय तहले आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन गर्न तपसिल बमोजिम पदाधिकारी रहेको सामुदायिक स्वास्थ्य इकाई सञ्चालन समिती रहने छ।

(क)सामुदायिक स्वास्थ्य इकाई रहेको वडा अध्यक्ष संयोजक

रामारोशन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय स्वास्थ्य तथा सामाजिक विकास शाखा शान्ता, अछाम २०७३

प्रभु नाथ ... नि.प्रमुख प्रशासकीय अधिकृत

(ख) सामुदायिक स्वास्थ्य इकाई रहेको नजिकको स्वास्थ्य संस्थाको प्रमुख वा प्रतिनिधी सदस्य

(ग) स्थानिय तहले तोकेको सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयम सेबिका सदस्य

(घ) ब्याबस्थापन समितीले मनोनयन गरेको जग्गा दाता वा सहयोगी ब्यात्ती मध्ये एक जना सदस्य

(ङ) सम्बन्धित वडाको सामुदायिक स्वास्थ्य इकाईको प्रमुख सदस्य सचिव

६ औषधी तथा उपकरण आपुर्तिः

६.१ आधारभुत स्वास्थ्य सेवा निशुल्क रुपमा उपलब्ध गराउन नेपाल सरकारको स्वास्थ्य निती तथा मौलिक हकको रुपमा ब्यवस्था भए बमोजिम स्वास्थ्य संस्थाहरुमा तोकिएको औषधी स्वास्थ्य शाखाले व्यवस्था गर्नुपर्नेछ।

६.२ औषधी माग गर्दा PULL System मा आधारित माग प्रणाली अपनाउनुपर्ने छ।

७ कार्यविधीको ब्याख्याः यो कार्यबिधि रामारोशन गाँउपालिका गाउँकार्यपालिकाको बैठक बाट पारित भएको मिती देखि लागु हुनेछ। कार्यबिधी लागु हुनु भन्दा अगाडी सामुदायिक स्वांस्थ्य इकाइ स्थापना संञ्चालन तथा ब्यावस्थापन सम्बन्धमा भए गरे का का कारवाहिहरु यसै कार्यविधी बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले:

प्रभुनाथ देबकोटा

नि.प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर साँउद
अध्यक्ष

प्रभु नाथ देवकोटा
नि.प्रमुख प्रशासकीय अधिकृत